सिक्किम दर्पण 23-04-15

# पश्चिम र दक्षिणमा हावा-पानीको ताण्डव



गान्तोक, २२ अप्रेल (निसं): आइतवार राति आएको भीषण हावापानीले राज्यका कतिपय गाउँहरूमा व्यापक नोक्सान पुऱ्याएको छ। पश्चिम र दक्षिण जिल्लाका केही ठाउँहरूमा घर, पशुगोठ र अन्नबाली बर्बाद बनाएको रिपोर्ट आएको छ। प्राप्त जानकारीअनुसार सालघारी जूम समष्टिअन्तर्गत गेलिङ ग्राम पञ्चायत एकाइभित्र पर्ने गाउँमा धेरै नोक्सान पुगेको छ। स्थानीय हीमबहादुर छेत्रीको घर भत्काएपछि छिमेकीको घरमा शरण लिनु परेको छ। उनको घरमा रूख ढल्दा घर भत्किएको हो। रूखले परिवारका अन्य सदस्यहरूलाई चोट पुऱ्याएको छ। स्थानीय मानिसहरूले उनीहरूलाई जिल्ला अस्पताल नाम्ची पुऱ्याएर उपचार गराएका थिए। स्थितिबारे जायजा लिन सिक्किम डेमोक्रेटिक फ्रण्ट पार्टीका उम्मेद्वार धनमाया कामी आज बिहानै गेलिङ आएर प्रभावित परिवारका सदस्यहरूसँग भेट गरेका थिइन्। अर्कोतिर पश्चिम जिल्ला प्रशासनले पनि प्रभावित परिवारबारे जायजा लिँदै राहतका लागि आवश्यक सबै सुविधा प्रदान गर्ने वचन दिएको छ। यस्तै प्रकारले हावापानीले कतिपय गाउँका कृषकहरूले लगाए को अन्नबालीलाई नोक्सान पुऱ्याएको बताइएको छ। यसमाथि पनि सरकारका कृषि, वागवाणी एवं नगदेबाली विभागले आधिकारिक जानकारी लिएको छ।